नेपाल सरकार

फोन :४२००३०६

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार काठमाण्डौ

(सूचना तथा प्रविधि शाखा)

प.सं.: सू.तथा प्र./पत्राचार/फा.नं.-५/०७६/७७

मिति:- २०७६/९।२७

च.नं.: ३०८/०७६।७७

विषयः सुरक्षित नागरिक आवास संख्या एकिन गरी पठाउने सम्वन्धमा ।

श्री स्थानीय तहहरु — ७५३ (सवै)

प्रस्तुत विषयमा शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, आवास शाखाको मिति २०७६।९।२३ च.नं. ९९ को पत्र यसै साथ संलग्न रहेको छ । पत्रानुसार आगामी दुई वर्ष भित्र सम्पूर्ण पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनी ल्याउने गरी नेपाल सरकारको नीति वमोजिम प्रत्येक स्थानीय तहमा रहेका पराल वा खरको छाना भएका घर परिवार नछुट्ने गरी तथ्याङ्क संकलन गरी कार्यक्रम तयार गर्नु पर्ने भएकोले सुरक्षित नागरिक आवास (पराल वा खरको छाना) संख्या एकिन गरी शहरी विकास तथा भवन निर्माण विभाग, आवास शाखाको ई-मेल **dudbcawas@gmail.com** मा पठाउनु हुन अनुरोध छ ।

०७६।९।२७

शेखर निधि पौड्याल
शाखा अधिकृत

वोधार्थः
श्री शहरी विकास मन्त्रालय,
शहरी विकास तथा भवन निर्माण विभाग,
आवास शाखा ।

सूचना तथा प्रविधि शाखा
दर्ता नं. २२५
मिति ०७६।५।२८

नेपाल सरकार
शहरी विकास मन्त्रालय
# शहरी विकास तथा भवन निर्माण विभाग
(आवास शाखा)

फोन: ४२६२३६५, ४२६२४६६, ४२६२३६७, ४२६२९४५, ४२१६८८४
फ्याक्स नं.: ४२६२४३९
बबरमहल, काठमाडौं,
नेपाल ।

प.स. ०७६/७७
च.नं.: ९९

मिति २०७६/०९/२३

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

विषय :- सुरक्षित नागरिक आवास संख्या एकिन गरी पठाउने व्यवस्था मिलाईदिने सम्वन्धमा।

उपरोक्त विषयमा आगामी दुई वर्ष भित्र सम्पूर्ण पराल वा खरको छाना भएका घर परिवारहरुलाई जस्तापाताको छानामुनि ल्याउने गरी नेपाल सरकारको नीति बमोजिम यस आर्थिक वर्षमा करीव १९ हजार घर परिवारलाई जस्तापाताको छानामुनि कार्यक्रम सम्पन्न हुने र केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०७६/०९/०३ गते वसेको बैठकवाट "आगामी वर्ष सुरक्षित नागरिक आवास कार्यक्रमलाई निरन्तरता दिनको लागि ७५३ वटै स्थानीय तहहरु वाट माग गरी प्रत्येक स्थानीय तहहरुमा आवश्यक पर्ने जम्मा जम्मी सुरक्षित नागरिक आवास (खरको छाना हटाई टिनको छाना लगाउने) संख्या एकीन गरी १५ दिन भित्र पठाईदिने व्यवस्था मिलाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने र तथ्याङ्क विभागसंग समेत समन्वय गरी सुचना संकलन गरी देश भर आवश्यक पर्ने सुरक्षित नागरिक आवासको तथ्याङ्क तयार गरी आगामी 'बैठकमा पेश गर्ने" निर्णय भएको व्यहोरा अनुरोध छ ।

आगामी दुई वर्ष भित्र उक्त सुरक्षित नागरिक आवास कार्यक्रम (पराल वा खरको छाना भएका घर परिवारहरुलाई जस्तापाताको छानामुनि ल्याउने) सम्पन्न गरिसक्नु पर्ने भएको हुँदा कुनै पनि स्थानीय तहमा रहेका पराल वा खरको छाना भएका घर परिवार नछुट्ने गरी तथ्याङ्क संकलन गरी कार्यक्रम तयार गर्नु पर्ने भएकोले तहाँ मार्फत सवै स्थानीय तहहरुलाई आवश्यक सुरक्षित नागरिक आवास (पराल वा खरको छाना) संख्या एकीन गरी पठाउन परिपत्र गरिदिन हुन अनुरोध छ । उपरोक्त तथ्याङक यस विभागको आवास शाखाको इ-मेल ठेगाना dudbcawas@gmail.com मा सोझै पठाउने व्यवस्था समेत मिलाईदिन अनुरोध छ ।

..........................
नारायण प्रसाद भण्डारी
का.मु.आयोजना निर्देशक

बोधार्थ :
श्री शहरी विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्रीमान् उप-महानिर्देशकज्यू,
शहरी विकास तथा भवन निर्माण विभाग, आवास महाशाखा, बबरमहल, काठमाडौं ।